# प्रारम्भिक कक्षा पढाइसम्बन्धी केही प्रश्न उत्तरहरू

## प्रारम्भिक कक्षा पढाइ के हो ?

पढाइको अर्थ शब्द तथा वाक्य बुझ्ने क्षमता हो भने प्रारम्भिक कक्षा पढाइ चाहिँ शैक्षिक सफलता हासिल गर्ने जग । प्रारम्भिक कक्षा पढाइ अन्तर्गत अक्षर चिन्ने, सरल शब्दहरू पढ्ने, वाक्यहरू र परिच्छेदहरू पढेर बुझ्ने सिप पर्छन् । त्यस्तै कसैले बोलेको वा पढेको कुरा गहिरिएर सुन्ने र बुझेर व्यक्त गर्न सक्ने सिप पनि प्रारम्भिक कक्षा पढाइ अन्तर्गत नै पर्छन् । प्रारम्भिक कक्षा पढ्दै अक्षर, शब्द तथा वाक्यहरू शुद्ध ढङ्गले पढ्न सक्ने र पढे सुनेका कुरा बुझ्न तथा व्यक्त गर्न सक्ने विद्यार्थीहरूले माथिल्लो कक्षाहरूमा पुगेपछि जुनसुकै विषय पनि सजिलै पढ्न र बुझ्न सक्ने हुन्छन् ।

## प्रारम्भिक कक्षा पढाइ बालबालिकाका लागि किन महत्वपूर्ण छ ?

विद्यार्थीहरूले प्रारम्भिक कक्षामा नै पढाइ सिपसम्बन्धी दक्षता हासिल गर्नु अत्यन्तै जरुरी छ, किनभने यो सिपले उनीहरूलाई विभिन्न विषयहरूमा दक्षता हासिल गर्नका लागि सक्षम बनाउँदछ । शिक्षाविद्हरू भन्छन्, कक्षा १ देखि ३ सम्म विद्यार्थीहरूले "पढ्न सिक्छन्" र कक्षा ३ पछि उनीहरूले "सिक्नका लागि पढ्छन्" । तसर्थ जुन विद्यार्थीले कक्षा ३ भित्रै पढाइ सिप हासिल गरिसकेको हुन्छ, उसको माध्यमिक तहमा उत्तीर्ण हुने सम्भावना ४ गुणाले बढ्दछ । साथै भविष्यमा उसले राम्रो काम पाउने र उसको आर्थिक अवस्था बलियो हुने सम्भावना पनि उत्तिकै बलियो हुन्छ । तर प्रारम्भिक कक्षामा पढाइ सिप हासिल गर्न नसकेका विद्यार्थीहरू जति माथिल्लो कक्षाहरूमा पुग्यो उति नै पढाइमा कमजोर हुँदै जाने र शैक्षिक, सामाजिक तथा अन्य क्षेत्रमा पनि पछि पर्दै जाने तथ्य विभिन्न अध्ययनहरूले देखाएका छन् ।

## नेपालमा प्रारम्भिक कक्षा पढाइको अवस्था कस्तो छ ?

सन् २०१४ मा युएसएआइडीले नेपालमा पहिलो पटक राष्ट्रव्यापी रूपमा गरेको प्रारम्भिक कक्षा पढाइ मूल्याङ्कन (National Early Grade Reading Assessment – EGRA) ले नेपालका लागि प्रारम्भिक कक्षा पढाइ ठुलो चुनौतीको रूपमा रहेको कुरा औँल्यायो । मूल्याङ्कनअनुसार कक्षा दुईमा पढ्ने ३७ प्रतिशत र कक्षा ३ मा पढ्ने १९ प्रतिशत विद्यार्थीहरूले उनीहरूलाई पढ्न दिइएका पठन सामग्रीबाट एक शब्द पनि शुद्ध पढ्न सकेनन् । यसरी सो मूल्याङ्कनले प्रारम्भिक कक्षामा अध्ययनरत विद्यार्थीहरूको पढाइ सिप सम्बन्धी आधारभूत उपलब्धि अत्यन्तै न्यून भएको र सो समस्यालाई सम्बोधन गर्नुपर्ने तथ्य उजागर गर्‍यो ।



## शिक्षा मन्त्रालयको राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम (NEGRP) युएसएआइडिको प्रारम्भिक कक्षा पढाइ कार्यक्रम (EGRP) र बिच के सम्बन्ध छ ?

युएसएआइडीको प्रारम्भिक कक्षा पढाइ कार्यक्रम (Early Grade Reading Program – EGRP) ले नेपाल सरकार को पाँचबर्से राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम (Naional Early Grade Reading Program – NEGRP) लाई प्राविधिक सहयोग प्रदान गर्दछ। प्रारम्भिक कक्षा पढाइ कार्यक्रमले शिक्षा मन्त्रालय र अन्र्तगतका केन्द्रीय निकायहरू जस्तो शिक्षा विभाग (DoE), पाठ्यक्रम विकास केन्द्र (CDC), शैक्षिक जनशक्ति विकास केन्द्र (NCED), शैक्षिक गुणस्तर परिक्षण केन्द्र (ERO), अनौपचारिक शिक्षा केन्द्र (NFEC) लगायतका निकायहरूसँग निकट रहेर सहकार्य गर्दछ। त्यसरी नै जिल्ला तहमा जिल्ला शिक्षा कार्यालय, स्रोत केन्द्र तथा नगरपालिका र नगरपालिका तहमा गाउँ विकास समिति, गाउँ शिक्षा समिति र नगर शिक्षा समिति तथा समुदाय तहमा टोल पढाइ केन्द्र (TRG), विद्यालय व्यवस्थापन समिति र अभिभावक तथा शिक्षक संघ आदिसँग निकट रहेर सहकार्य गर्दछ।

## प्रारम्भिक कक्षा पढाइ सुधार गर्न सरकारले के कस्तो जिम्मेवारी लिएको छ ?

पाँचबर्से राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम (NEGRP) मार्फत सरकारले प्रारम्भिक कक्षा पढाइलाई सम्बोधन गरेको छ। राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम (NEGRP) र प्रारम्भिक कक्षा पढाइ कार्यक्रम (EGRP) मुख्यतः कक्षा एकदेखि कक्षा तिनसम्म अध्ययनरत विद्यार्थीहरूको पढाइ सिप सुधारमा केन्द्रित छ।

राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम (NEGRP) र प्रारम्भिक कक्षा पढाइ कार्यक्रम (EGRP) अन्तर्गतका मुख्य गतिविधिहरू निम्न छन्ः

- प्रारम्भिक कक्षा पढाइसँग सम्बन्धित पाठ्यक्रम र शिक्षण-सिकाइ सामग्रीलाई वास्तविक तथ्य तथा सफल अभ्यासको आधारमा संशोधन गर्ने,
- प्रारम्भिक कक्षा पढाइ कार्यक्रम सञ्चालन गर्न शिक्षकलाई यस सम्बन्धी आवश्यक ज्ञान र सिप प्रदान गर्ने,
- प्रारम्भिक कक्षा पढाइमा अभिभावकलाई साझेदारका रुपमा सहभागी गराउँदै आफ्ना केटाकेटीको पढाइका निम्ति उपयुक्त वातावरण सिर्जना गर्न उत्प्रेरित गर्ने,
- प्रारम्भिक कक्षा पढाइका शिक्षक र विद्यार्थीको उपलब्धि स्तर पहिचान गरी शिक्षक प्रधानाध्यापक, शिक्षा विभाग तथा सम्बन्धित निकायलाई प्रारम्भिक कक्षा सम्बन्धी अध्ययनबाट आएको निष्कर्ष प्रयोग गरी थप सुधारका क्षेत्र पहिचान गर्ने र आवश्यक थप सहयोग पुऱ्याउन सक्षम बनाउने,
- कक्षा कोठा पढाइ कुना (Classroom book corners), विद्यालय पुस्तकालय, सामुदायिक सिकाइ केन्द्र र स्थानीय बाल क्लब आदिका माध्यमबाट पढाइ सामग्रीमा विद्यार्थीको पहुँच बढाउने।

## तपाईं विद्यार्थीलाई कसरी पढ्न सिकाउनुहुन्छ ?

प्रारम्भिक कक्षा पढाइ पद्धतिले मुख्यतया विद्यार्थीको आधारभूत पढाइ सिप विकासमा मदत पुऱ्याउँछ। यस किसिमको पढाइ सिप पढाइको जग हो। प्रारम्भिक कक्षा पढाइले बोध/बुझाइसहितको पढाइ र लेखाइ सिपको विकासमा जोड दिन्छ। यो शिक्षण पद्धतिमा शिक्षक-शिक्षिकाले विद्यार्थीहरूलाई शब्द तथा ध्वनिलाई ध्वनि प्रतीकहरूसँग जोड्न सहयोग गर्दछन्। विद्यार्थीको शब्दभण्डार विकास गर्न उनीहरूलाई नयाँ शब्दहरूसँग परिचित गराउँछन् र कसरी नयाँ शव्द सिक्ने भनेर सिकाउँछन्। त्यसरी नै विद्यार्थीहरूलाई ध्वनि, बर्ण/अक्षर, शब्द र वाक्यहरूसँग परिचित गराउन सस्वर वा मौन पढ्ने अभ्यास पनि गर्न सिकाउँछन्।

## अभिभावकले आफ्ना छोराछोरीलाई पढाइ सिप सिकाउन कस्तो मदत गर्न सक्छन् ?

आमाबाबु पढेलेखेका नभए पनि उनीहरूले घरमा स-साना कार्य गरेर पनि आफ्ना केटाकेटीको पढ्ने बानी विकास गर्न सहयोग गर्न सक्छन् । जस्तो, साना केटाकेटीलाई कुनै कथा भन्ने र कथा भनिसकेपछि कथाका बारेमा उनीहरूसँग कुराकानी गर्ने । यसो गर्नाले केटाकेटीहरूको बोध अर्थात बुझाइ क्षमता विकासमा मदत पुग्छ । त्यसरी नै आमाबुबा वा हजुरबाहजुरआमाले आफ्ना केटाकेटीलाई हरेक दिन ठुलो स्वरले कुनै न कुनै सामग्री पढ्न लगाएर सुन्न सक्छन् । घरको कुनै ठाउँमा पढ्ने स्थान बनाइ दिएर हरेक दिन निश्चित समयमा त्यही ठाउँमा बसेर केटाकेटीलाई सस्वर वा मौन पढ्ने बानी बसाउन सहयोग गर्न र केटाकेटीले के के पढ्दै वा लेख्दैछन् भनेर कुराकानी गर्न सक्छन् । साथै केटाकेटी पढ्न वसेको बेला उनीहरूलाई काम नलगाउने र घरको वातावरण शान्त वनाइ दिएर सहयोग गर्न पनि सक्छन् ।

## शिक्षक–शिक्षिकाले के गर्न सक्छन् ?

शिक्षक-शिक्षिकाले विद्यार्थीका लागि कक्षामा पढ्नका लागि रमाइलो वातावरण सिर्जना गरिदिन सक्छन् । हरेक दिन कक्षा कोठामा पढ्ने समय छुट्याउन र विद्यार्थीलाई कुनै रमाइलो विषय सस्वर पढेर सुनाउन सक्छन् । कक्षा कोठा बाहेक सामुदायिक पुस्तकालय, स्थानीय पढाइ क्लब र घरैमा पनि पढ्ने वातावरण बनाउनका लागि शिक्षक-शिक्षिका र अभिभावकले एकआपसमा छलफल गर्न सक्छन् ।

## प्रारम्भिक कक्षा पढाइ सुधारका लागि विद्यालय व्यवस्थापन समिति तथा शिक्षक–अभिभावक सङ्घले के गर्न सक्छ ?

विद्यालय व्यवस्थापन समिति र शिक्षक-अभिभावक संघको भूमिका फरक भए पनि दुवैको उद्देश्य आफ्ना समुदायका विद्यार्थीको शिक्षामा सुधार ल्याउनु नै हो । उनीहरूको अर्को जिम्मेवारी चाहिँ विद्यार्थीहरूको सिकाइमा के कस्तो प्रगति हुँदैछ, विद्यालयमा उनीहरूको उपस्थिति के कस्तो छ र अध्ययनमा उनीहरूले के कस्ता प्रगति गर्दैछन् भनेर सोधपुछ गरेर पनि अनुगमन गर्न सक्छन् । यी बाहेक विद्यालय व्यवस्थापन समिति र शिक्षक-अभिभावक सङ्घले विद्यालय सुधार योजना तथा जनशक्ति व्यवस्थापन सुधार गर्न र विद्यालयलाई समयमै आवश्यक शैक्षिक सामग्री उपलब्ध गराउन पनि विशेष मदत पुऱ्याउन सक्छन् ।

## सामुदायको नेतृत्व तहमा रहेका व्यक्तिहरूले प्रारम्भिक कक्षा पढाइ सुधार गर्न कसरी सहयोग गर्न सक्छन् ?

सार्वजनिक र निजी क्षेत्रका नेतृत्व तहमा रहेका व्यक्तिहरूले आफ्नो क्षेत्रको प्रारम्भिक कक्षा पढाइ सुधार गर्न स्रोत जुटाउन छलफल, बहस र पैरवी गर्न सक्छन् । त्यस्तै समुदाय र निजी क्षेत्रका निर्णायक तहमा रहेका व्यक्तिहरूले समुदायमा कमी भएको साधन तथा स्रोत जुटाउन, पढाइ सामग्री र पढ्ने ठाउँको व्यवस्था गर्न तथा विद्यालय बाहिरका पढाइसम्बन्धी क्षेत्रमा लगानी गर्न स्रोत जुटाउन पनि सहयोग गर्न सक्छन् । साथसाथै समुदायका नेताहरूले उपलव्ध थोरै रकमबाट समुदायमा अभिभावक-विद्यार्थीका लागि पढाइसम्बन्धी विभिन्न कार्यक्रम आयोजना र सञ्चालन गर्न मदत गर्न सक्छन् ।

## यो कार्यक्रम कसका लागि लक्षित छ ?

प्रारम्भिक कक्षा पढाइ कार्यक्रम कक्षा १ देखि ३ सम्म अध्ययनरत विद्यार्थीहरूलाई लक्षित गरिएको छ । यो कार्यक्रमले विशेष गरी सीमान्तकृत समूह, पछाडि परेका समुदाय, निम्न आर्थिक तथा सामाजिक हैसियत भएका विद्यार्थीहरूको

प्रारम्भिक कक्षा पढाइसिप विकासमा विशेष जोड दिएको छ। यो कार्यक्रम छोरा र छोरी दुवैका लागि हो। छोराछोरी दुवैले समान रुपले विद्यालय जानुपर्छ र कलिलो उमेरमा नै प्रारम्भिक कक्षा पढाइसिप सिक्नुपर्छ भन्ने कुरामा पनि यो कार्यक्रमले जोड दिएको छ।

कतिपय पिछडिएको वर्ग समुदायका छोरीहरू अझै पनि शिक्षाको अवसरबाट वञ्चित छन्। त्यसैले यस्ता समुदायमा विशेष गरी बालिका शिक्षाका लागि नेपाल सरकार र नेपाली समाजले उच्च प्राथमिकतामा दिएको छ। छोराले जस्तै छोरीले पनि विद्यालय जानुपर्ने र उच्च शिक्षा हासिल गर्नुपर्ने धेरै कारणहरू छन्। शिक्षाले आत्मविश्वास बढाउने मात्र होइन यसले परिवारको आय बढाउन, स्वस्थ्य बच्चा जन्माउन र बच्चालाई स्वस्थ्य राख्न पनि सिकाउँछ। यस अर्थमा, छोरीलाई शिक्षित बनाउनु भनेको राष्ट्रको आर्थिक र सामाजिक विकासमा दीर्घकालीन रूपले लगानी गर्नु हो। त्यसैले बालिका शिक्षालाई महत्व नदिने समुदायमा यस कार्यक्रमले बालिका शिक्षामाथि थप जोड दिएको छ।

## के यो भाषिक कार्यक्रम हो ?

यो भाषिक कार्यक्रम होइन। प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको मुख्य लक्ष्य कक्षा १ देखि ३ सम्म अध्ययनरत विद्यार्थीको पढाइ सिप सुधार गर्नु हो। प्रारम्भिक कक्षा पढाइसम्बन्धी अध्ययन, अनुगमन र मूल्याङ्कनहरूले बालबालिकाको मातृभाषा वा उनीहरूले सबैभन्दा पहिले सिकेको भाषामा पठन पाठन गराउँदा उनीहरूको सिकाइ उपलब्धि प्रभावकारी हुन्छ र उनीहरूले छिटो पढाइ सिप सिक्न सक्छन्। तसर्थ यो कार्यक्रम नेपाली भाषा कम बोल्ने क्षेत्रका बालबालिकाहरूको प्रारम्भिक कक्षा पढाइ सुधार गर्नका लागि रानाथारु, अवधि र मैथली भाषा लगायतका भाषामा पनि सुरु गरिएको छ। साथै पढाइसम्बन्धी प्रक्रियालाई सहज बनाउनका लागि यी भाषाहरूमा शिक्षण सामग्रीहरू पनि तयार पारिएका छन्। स्थानीय तहमा बोलचाल हुने भाषाका माध्यमबाट प्रारम्भिक कक्षा पढाइ सिप विकास गर्ने भएकोले यस कार्यक्रममा अङ्ग्रेजी भाषालाई समावेश नगरिएको हो। अङ्ग्रेजी वा अन्य कुनै भाषा सिकाउने उद्देश्यले सञ्चालित शैक्षिक कार्यक्रमहरू भन्दा यो कार्यक्रमको उद्देश्य, प्रकृति र कार्य प्रक्रियामा भिन्नता छ।

USAID
अमेरिकी जनताबाट

नेपाल सरकार
शिक्षा मन्त्रालय
शिक्षा विभाग, सानोठिमी